आज मिति २०८२ साल असार महिनाको ०२ गते विहान ८.०० वजे यस म्याग्दे गाउँपालिका तनहुँको गाउँ कार्यपालिकाको १७५ औ नियमित वैठक ( दोश्रो पदाधिकारीको उन्पचासौ वैठक ) गाउँपालिकाका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु को अध्यक्षतामा वसी निम्न उपस्थितिमा तपशिल बमोजिमको निर्णय गरियो ।

**तपशिल**

१ अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ

२ उपाध्यक्ष श्री वालकृष्ण घिमिरे

३ वडा न. १ वडा अध्यक्ष श्री मणि भद्र वाग्ले

४ वडा न. २ का वडा अध्यक्ष श्री शिव वहादुर क्षेत्रि

५ वडा न. ३ का वडा अध्यक्ष श्री टुक राज अधिकारी

६ वडा न. ४ का वडा अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ

७ वडा न. ५ का वडा अध्यक्ष श्री शिव वहादुर आले

८ वडा न. ६ का वडा अध्यक्ष श्री हिरा लाल गुरुङ्ग

९ वडा न. ७ का वडा अध्यक्ष श्री वसन्त कुमार श्रेष्ठ

१० महिला सदस्य श्री वद्रिका भट्टराई घिमिरे

११ महिला सदस्य श्री चिनिमाया थापा

१२ महिला सदस्य श्री जानकी थापा

१३ महिला सदस्य श्री सिता कुमाल

१४ अल्पसख्यक वा दलित सदस्य श्री होम वहादुर नेपाली

१५ दलीत सदस्य श्री थम माया कामी .

१६ सदस्य सचिव श्री नारायण प्रसाद अधिकारी

Scanned with CamScanner

**म्याग्दे गाउँकार्यपालिकाको मिति २०८२।०३।०२ को १७५ औ बैठक ४३ ऐजेण्डाहरु**

०१, आ.व. ०८२।०८३को नीति तथा कार्यक्रम स्वीकृत तथा सभामा प्रस्तुत सम्बन्धमा

०२, तपशिल बमोजिमका विद्येयक स्वीकृत तथा सभामा प्रस्तुत सम्वन्धमा

( आर्थिक ऐन २०८२ ,/ विनियोजन ऐन २०८२/

०३, अनुसुची ५ अनुसार आ.व. ०८२।०८३ को वजेट स्वीकृत तथा सभामा प्रस्तुत सम्बन्धमा ।

०४, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८० शंशोधन सम्वन्धमा ।

०५, अनुसुची ६ अनुसार विभिन्न प्रकृर्तिका योजना स्वीकृत तथा सिफारिस सम्बन्धमा

०६, अख्तियारदुरुपयोग अनुसन्धान आयोगका पत्र तथा निर्देशन जानकारी सम्वन्धमा

०७, लिलाम विकी सम्वन्धमा ।

०८, सभामा पेश गर्ने ७२ वटा नीतिगत निर्णयका मस्यौदा स्वीकृत सम्वन्धमा ।

०९, स्टक प्रमाणीत सम्वन्धमा ।

१०, वालमैत्रि स्थानीय शासन सम्वन्धमा ।

११, असार १५ धान दिवश मनाउने सम्वन्धमा ।

१२, विभिन्न परिपत्र जानकारी तथा गुनासो समाधान समिति गठन सम्वन्धमा ।

१३, विभिन्न पुस्तक छपाई सवन्धमा ।

१४, करार नियुक्ती अनुमोदन सम्वन्धमा ।

१५, आ.व. ०८२।०८३ मा कार्यसम्पादन सम्झौता गर्ने सम्वन्धमा ।

१६,आर्थिक,वर्ष,०८१।०८२ को वार्षिक जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्ने सम्वन्धमा

Scanned with CamScanner

१७, विभिन्न क्षेत्रगत योजना तथा कार्यक्रमको रकम भुक्तानी सम्वन्धमा ।

१८, जग्गा वर्गिकरण शंशोधनको लागी गाउँसभामा अनुरोध गर्ने सम्वन्धमा ।

१९, थर्पु अस्पताल डाक्टर करार सम्वन्धमा ।

२० वडा न. २ को सार्वजनीक जग्गा र वडा न. ७ को अर्चले खानेपानी योजना समस्या समाधान सम्वन्धमा

२१, वृद्धिमुखी उदमशिलता लाभग्राही छनौट सहित सामाग्री खरिद सम्वन्धमा ।

२२, आर्थिक विपन्न आवास निर्माण अर्न्तगत लक्षीत वर्गलाई आवास हस्तान्तरण सम्वन्धमा ।

२३, खानी सञ्चालन सम्वन्धमा ।

२४, पशुसेवाको वजेट रकमान्तर सम्वन्धमा ।

२५, विभिन्न कार्यविधि स्वीकृत सम्वन्धमा ।

२६, कानुन निर्माण सुविधा सम्वन्धमा ।

२७, कक्षा ८ को परिक्षा सञ्चालन खर्च नर्म्स स्वीकृत तथा अनुमोदन सम्वन्धमा ।

२८, जग्गा पास सम्वन्धमा ।

२९, स्वास्थ्य तर्फ कार्यक्रम खर्च नपुग रकम सम्वन्धमा ।

३०, शिक्षा शाखा वाट पेश भएका विषय र आवश्यक निर्णय सम्वन्धमा ।

३१, वजेट अधिवेशन थप कार्यचाप सुविधा सम्वन्धमा ।

३२, थर्पुअस्पतालको भवन निर्माण रकम भुक्तानी सम्वन्धमा ।

३३, स्वास्थ्य तर्फ eHIRRS सफ्टवयर (स्वास्थ्य संस्थामा दैनिक विरामीको electronic Record and report system) नविकरण र स्तनपान कक्ष निर्माण सम्वन्धमा ।

३४, अनौपचारिक क्षेत्र सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने सम्वन्धमा ।

Scanned with CamScanner

३५, औषधि उपचार खर्च सम्वन्धमा ।

३६, सडक निर्माण योजना को रकम भुक्तानी सम्वन्धमा ।

३७, सम्झौता भएका सवै योजनको रकम भुक्तानी सम्वन्धमा ।

३८, ल्याण्डफिल्ड साईट का योजना रकम भुक्तानी सम्वन्धमा ।

३९, सहकारी विनियम शंशोधन सम्वन्धमा ।

४०,अघिल्लो वैठकको निर्णय कार्यन्वयन समिक्षा सम्वन्धमा ।

४१, योजना फरफारक सम्वन्धमा ।

४२, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको तोकआदेश, टिप्पणी कार्यदेश खर्च अनुमोदन सम्वन्धमा ।

४३, विविध विषय सम्वन्धमा ।

Scanned with CamScanner

## मिति २०८२।०३।०२ को १७५ औ कार्यपालिका वैठकका निर्णयहरु

**निर्णय न. १७५/२०८१।०८२– ०१,**

वजेट तर्जुमा समिति वाट स्विकृत भई आएको समग्र विषयगत क्षेत्रका योजना तथा कार्याक्रम कार्यन्वयनको लागि अनुसुचि १ बमोजिमको नीति तथा कार्यकंम स्वीकृत गर्ने साथै सो नीति तथा कार्यकम अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु मार्फत गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

**निर्णय न. १७५/२०८१।०८२– ०२,**

आ.व. २०८२।०८३ को लागि अनुसुचि ८ वमोजिमको आर्थिक ऐन २०८२ र अनुसुचि ९ बमोजिमको विनियोजन ऐन २०८२ उपाध्यक्ष ज्यु मार्फत गाउँसभामा पेशगर्ने निर्णय गरियो ।

**निर्णय न. १७५/२०८१।०८२– ०३,**

वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट पास भई आएको आ.व. ०८२।०८३ को लागी कुल वजेट जम्मा रु . ७० करोड ६४ लाख ३ हजार ५सय ६४ रुपैयाँ पैसा ९३ मात्र को वजेट स्वीकृत गर्ने निर्णय गरीयो । साथै विषयगत समिति र वडा कार्यलयको वजेट सिमा भित्र रही तपशिल बमोजिम को वजेट गाउँसभामा प्रस्तुत गर्न को लागी उपाध्यक्ष श्री वालकृष्ण घिमिरे ज्यु लाई जिम्मा दिने निर्णय गरियो ।

**आ.व. ०८२।०८३ को अनुमानित कुल आयविवरण वजेट अङ्क रकम रु ७०,६४०३५६४।९३**

| सिन. | विषय | श्रोत | वार्षिक अख्तियारी रकम |
|---|---|---|---|
| १ | वितिय समानीकरण अनुदान | संघिय सरकार | ९,८६,००००।० |
| २ | शर्शत अनुदान'चालु रकम | संघिय सरकार | १६,३१,००००।० |
| ३ | शर्शत अनुदान पुजिगत | संघिय सरकार | ८०,००००।० |
| ४ | राजश्व वाडफाड रकम | संघिय सरकार | ८,४५,४२,६२९।० |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ५ | विषेश अनुदान चालु रकम | संघिय सरकार | ९०,०००००।० |
| ६ | समपुरक अनुदान रकम | संघियसरकार | १२०,०००००।० |
| ७ | वितिय समानिकरण रकम | प्रदेश सरकार | १,२१,७५०००।० |
| ८ | राजश्व वाडफाड रकम | प्रदेश सरकार | ८८,६३,०००।० |
| ०९ | समपुरक अनुदान रकम | प्रदेश सरकार | ६०,०००००।० |
| १० | विषेश अनुदान रकम | प्रदेश सरकार | ४०,०००००।० |
| ११ | अल्याजिम्वेवारी आन्तरीक सर्ने अनुमान रु | आन्तरीक श्रोत | ५,६०,६९,६४८।९३ |
| १२ | ०८१।०८२ को अल्या धरौटी | धरौटी जिम्मेवारी | पछि एकिनहुने |
| १३ | ०८१।०८२ को अल्या विपद कोष | कोष जिम्मेवारी | पछि एकिनहुने |
| १४ | सामाजिक सुरक्षा अनुमान | | १३,५०,००००।० |
| १५ | लागत साझेदारीमा नागरीक वाट जम्मा हुने जनसहभागीता रकम पुर्वाधार निर्माण तर्फ रु | | १,७०,०००००।० |
| १६ | गै.स..स. वाट परिचालन हुने रकम | विभिन्न गै.स.स. | १०,०००००।० (आयमा नजोड्ने ) |
| १७ | सडकवोर्डको आय रकम रु | संघिय सरकार | २३,०००००।० आयमा नजोड्ने ) |
| १८ | शुक्लागण्डकी न.पा. वाट आउने अनुमान रकम रु | अनुदान | २०,५३,२८७।० |
| १९ | आन्तरिक तथा स्थानीय राजश्व आय अनुमान रु | | ९००००००।० |
| | **कुल अनुमानीत वजेट रु** | | **७०,६४,०३५६४।९३** |

**३.०१, विभिन्न शर्शत तथा निशर्त सहित सवै शिर्शकगत वजेट विनियोजन प्रस्ताव गरी स्वीकृतको लागी गाउँसभामा पठाउने**

Scanned with CamScanner

तपशिल

(क) शर्शत तर्फ चालु र पुजिगत बजेट तथा कार्यकमखर्च यसप्रकार स्वीकृत गर्ने

१.१ आर्थिक विकाश समिति तर्फ ( पुजिगत )

| सि.न. | योजना तथा कार्यकम | स्थान | ब.शि.न | श्रोत | रकम रु हजारमा |
|---|---|---|---|---|---|
| | **आर्थिक विकाश तथा उद्योग शाखा तर्फ** | | | | |
| ०१ | सम्भाव्य उत्पादन र उत्पदनकत्व र वजार प्रर्तिस्प्रर्धा वृद्धि गर्नको लागी कम्तीमा ५ जना समुहको लागी प्रविधि हस्तान्तरण | | ३११२२ | शर्शत | १४०।० |
| | **जम्मा** | | | | **१४०।०** |
| | **पशुसेवा तर्फ** | | | | |
| ०२ | कृषि तथा पशुपन्छी सेवा विस्तार भवन निर्माण | | ३१११२ | शर्शत | २०००।० |
| | **जम्मा** | | | | **२०००।०** |
| | **रोजगार सेवाकेन्द्र तर्फ** | | | | |
| ०३ | रोजगार आयोजना सञ्चालनको लागी ज्यालारकम (कृर्याकलाप कार्यन्वयनको लागी स्थानीय तहले कम्तीमा शतप्रर्तिशत रकम साझेदारी गर्नुपर्नेछ | | २२४१९ | शर्शत | १५७२।० |
| | **जम्मा** | | | | **१५७२।०** |

१.२ आर्थिक विकाश समिति तर्फ ( चालु )

| सि.न. | योजना तथा कार्यकम | स्थान | ब.शि.न | श्रोत | रकम रु हजारमा |
|---|---|---|---|---|---|
| | **मेड्पा तथा उद्यम विकास तर्फ** | | | | |
| ०१ | उद्यम विकास सहजकर्ताको पारिश्रमीक | | २११११ | शर्शत | ८५४।० |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ०२ | गरिवि निवारणका लागी लघुउद्यम विकाश कार्यकम ( उद्यमीको स्तरोन्नती तथा एडभान्स सिप विकास तालिम कार्यकम ) | म्याग्दे १–७ सवै | २२५२२ | शर्शत | ७०।० |
| ०३ | गरिवि निवारणका लागी लघुउद्यम विकाश कार्यकम ( लघुउद्यमम विकास मोडेलमा नया लघुउद्यमी सृर्जना गर्ने ) | म्याग्दे १–७ सवै | २२५२२ | शर्शत | ३३६।० |
| | **जम्मा रु** | | | | **१२६०।०** |
| | **कषि सेवा तर्फ** | | | | |
| ०१ | किसान सुचिकरण कार्यकम | म्याग्दे १–७ सवै | २२५२२ | शर्शत | १८३।० |
| | **जम्मा रु** | | | | **१८३।०** |
| | **पशुसेवा उपशाखा तर्फ** | | | | |
| ०१ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्ग अध्यावधिक कार्यकम | म्याग्दे १–७ सवै | २२५२२ | शर्शत | ४५।० |
| ०२ | कृषि तथा पशुसेवाका एक गाउँ एक प्राविधिक तलव भत्ता | म्याग्दे १–७ सवै | २११११ | शर्शत | १७२।० |
| ०३ | कृत्रिम गर्भाधान मिसन कार्यकम | म्याग्दे १–७ सवै | ३११३१ | शर्शत | ५०।० |
| ०४ | एक पालिका एक भेटनरी डाक्टर | म्याग्दे १–७ सवै | २११११ | शर्शत | ५००।० |
| ०५ | पशुपन्छीमा माहामारी आकश्मीक रोग नियन्त्रण कार्यकम | म्याग्दे १–७ सवै | २२५२२ | शर्शत | ५०।० |
| | **जम्मा रु** | | | | **८१७।०** |
| | **गरिवसग विशेश्वर कार्यकम तर्फ** | | | | |
| ०१ | गरिवसग विशेश्वर कार्यकम ( सामाजिक परिचालको लागी पोशाक खर्च ) | म्याग्दे १–७ सवै | २११२१ | शर्शत | १०।० |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | कषि मोटरमार्ग स्तरोन्नती माझीलाङ्ग | म्याग्दे ७ | ३११५१ | संघिय वि. समानिकरण | १५०।० |
| १९ | शिव पञ्चायन मोटरमार्ग स्तरोन्नती | म्याग्दे ७ | ३११५१ | संघिय वि. समानिकरण | १००।० |
| २० | सानातिना पुर्वाधार निर्माण | म्याग्दे ७ | ३११५९ | संघिय वि. समानिकरण | ४१८।० |
| २१ | माझीलाङ्ग भावर सभाहल | म्याग्दे ७ | ३१११२ | संघिय वि. समानिकरण | २५०।० |
| | जम्मा रु | | | | ,४९९७।० |

**निर्णय न. १७५/२०८१।०८२– ०४,**

म्याग्दे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८० लाई हाल समायोजित कर्मचारी अवकाश भएको हुदा दोश्रो शंशोधन प्रस्ताव गाउँसभामा पेश गर्ने ।

**निर्णय न. १७५/२०८१।०८२– ०५,**

यस्ती वडा, विषयगत , एकिकृत हुदै गाउँपालिकामा आएका सघिय सरकार र प्रदेश सरकारतर्फ मागगर्ने समपुरककोष, विषेश अनुदान , शर्शत अनुदानका योजना तथा कार्यकम, गाउँपालिकाका वहुवर्षिय तथा गौरवका योजनाहरु, योजना वैंकको रुपमा रहने वैकल्पीक योजनाहरु, प्रधानमन्त्री रोजगार कार्यकम तर्फका योजनाहरु, लागत साझेदारीका योजनाहरु सवै अनुसुचि ६.१ वमोजिम स्वीकृतको लागी गाउँसभामा सिफारीस गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय न. १७५/२०८१।०८२– ०६,**

सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८२।०२।१२ देखी २०८२।०३।०१ सम्म जारी भएका पत्र सहित सुझाव कार्यन्वयन निर्देशन र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट सोही विषयमा पत्र मार्फत गरिएको सुझाव कार्यान्वयन निर्देशन अनुसारको सवै व्यहोरा अवगत भयो। दुवै निकायको पत्र अनुसार गाउँपालिका र विषयगत शाखा, समिति र वडा कार्यालय वाट सोही निर्देशन अनुसार काम कारवाही सम्पादन गर्नको लागी निर्देशन तथा जानकारी गराउने निर्णय गरियो।

**निर्णय न. १७५/२०८१।०८२– ०७,**

अवैध उत्खनन् अर्न्तगत स्टक रहेका ३ वटा नदीजन्य पदार्थको लिलाम विकी सम्वन्धमा यस अगाडी भएका कामकारवाहीको अवस्था तपशिल बमोजिम रहेको जानकारी सगै तपशिल वमोजिम गर्ने निर्णय गरियो।

**तपशिल विषय जानकारी सम्वन्धमा।**

यस म्याग्दे गाउँपालिका गाउँकार्यपालिकाका, मिति २०८०।११।०६ को निर्णय सगै गा.पा. को सम्पती को सम्पती कायम भए सगै मिति २०८१।०१।३१ निर्णय अनुसार मिति २०८१।०२।०७ मा हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा पहीलो पटक ६ वटा थुप्राको ठेक्का सूचना सगै सम्मानीत उच्च अदालत पोखरामा ३ वटा ( थुप्रो न. १,४, र ६) थुप्राहरुको विषयमा रिट निवेदन दर्ता भई सो को अन्तिम फैसला नभईन्जेल लिलाम विकी प्रकृर्या स्थगन भएको र पछिल्लो समयमा अदालतको फैसला वाट गा .पा को निर्णय नै सदर भए पश्चात मिति २०८१।०९।०८ को गाउँसभाको निर्णय तथा मिति २०८१।१०। ०७ को कार्यपालिकाको निर्णय न. ०१ अनुसार पुन लिलाम विकी प्रकृर्या थालनी भए सगै कमश मिति २०८१।१०।१४ मा सौर्य राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक ( पुन प्रकृर्या अनुसार) / मिति २०८१।११।१५ राजधानी दैनिकमा दोश्रो पटक / र मिति २०८१।१२।०७ मा तेश्रो पटक ( सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम विकी सम्वन्धी कार्यविधि २०७९ को नियम ९ र १० अनुसार ) लिलाम विकीको लागी वोलपत्र सूचना प्रकाशन गरिएकोमा तपशिल बमोजिमका नदीजन्य पदार्थको लिलाम सकारको लागी कुनै पनी वोलपत्र दर्ता हुन नआएको हुदा मिति २०८१।१२।१८ को गाउँकार्यपालिकाको निर्णय र मिति २०८१।०३।२७,को गाउँसभाको निर्णय न. १६/२०८०।०८१– ५९ को ०६ मा भएको व्यवस्था समेतको आधारमा तपशिलमा उल्लेखित स्थानहरुमा रहेका

Scanned with CamScanner

ढुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम बिकी सम्वन्धी कार्यविधि २०७९ को दफा ११ को उपदफा १ /र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम १०८ को उपनियम ७ /मा न्युनतम मुल्यमा वार्ता द्धारा सोझै विकी गर्न सकिने व्यवस्था रहेको हुदा ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र ०८०।०८१ को कर चुक्ता प्रमाणपत्र, सहित सोझै लिलाम प्रकृयामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सूचना प्रकाशन भएको मिति ले ८ औ दिन भित्र वार्ता द्धारा सोझै लिलाम विकी प्रकृयामा भाग लिने गरी कार्यालयमा निवेदन पेश गर्नेगरी सूचना प्रकाशन गर्ने भन्ने मिति २०८१।१२।१८ को का.पा. निर्णय अनुसार २०८२।०१।०५ गते लोकवाणी दैनिकमा सूचना प्रकाशन गरीएकोमा तपशिल बमोजिमका थुप्राहरुको ४ चरणको सूचना तथा प्रयासमा लिलाम सकार सम्वन्धमा कुनै पनी आवेदन तथा ठेक्का दर्ता नभएको अवस्था रहेको छ ।

<u>तपशिल</u>

| सि.नं | सूचना नं./बोलपत्र न. | सामाग्रिहरुको विवरण | परिणाम (घन फिट) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १ | MRM-२८-२०८१/०८२ | थुप्रो नं. १- म्याग्दे-५ घडेरी, नक्सा नं.-छाङ्ग ७/ड, कित्ता नं.- ५३,५४ र ५५ को जग्गाहरु, जि. पि. एस. विन्दु २७°५८'१८" उत्तरी अंक्षाश ८४°०७'३५" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा | ९,०१,४०८/- | रु. ८१,१२,६७२/- (एकासी लाख बाह हजार छ सय बहत्तर रुंपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/-(दूई ह रुंपैया मात्र) |
| २ | MRM-२९-२०८१/०८२ | थुप्रो नं. ४- म्याग्दे-५ घडेरी, नक्सा नं.-छाङ्ग ७/ड, कित्ता नं.- २७ र २८ को जग्गाहरु, जि. पि. एस. विन्दु २७°५८'१०" उत्तरी अंक्षाश ८४°०७'३१" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,७६,८९६/- | रु. २४,९२,०६४/- (चौवीस लाख वयानब्वे हजार चौसट्ठी रुंपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/-(दूई ह रुंपैया मात्र) |
| ३ | MRM-३०-२०८१/०८२ | थुप्रो नं. ६- म्याग्दे-३ झिरलौदी, मा जि. पि. एस. विन्दु २७°५७'५१" उत्तरी अंक्षाश ८४°०९'५४" पूर्वी देशान्तर, सेती नदीवाट करिव ४० मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,०६,९३७.५० | रु. १८,६२,४३७.५० (अठार लाख बैसट्ठी हजार चार सय सैतीस रुंपैया पचास पैसा मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/-(दूई ह रुंपैया मात्र) |

Scanned with CamScanner

**अबको निश्कर्ष तथा निर्णय तपशिल बमोजिम रहेको छ :-**

माथीको समग्र प्रयास अध्यन सगै ३ पटक ठेक्का सूचना प्रकाशन सगै मिति २०८२।०१।०५ गते लोकवाणी दैनिकमा वार्ता द्धारा सोझै लिलाम विकी गर्ने गरी ७ दिने सूचना प्रकाशन (चौथौ पटक ) गर्दा पनी लिलाम विकी नभएको हुदा आर्थिक कार्यविधि तथा वितिय उत्तरदायीत्व नियमावली २०७७ को नियम १०८ को उपनियम ८ मा "उपनियम ७ बमोजिम विकी हुन नसकेमा नियम १०७ को उपनियम (१) बमोजिमको समिति वाट पुन मुल्याङ्कन गराई कायम मुल्यमा वार्ता द्धारा सोझै विकी गर्न सकिनेछ ।" भन्ने व्यवस्था रहेको छ भने सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम बिकी सम्बन्धी कार्यविधि २०७९ को दफा ११ को उपदफा २ मा कार्यालयले उपदफा १ बमोजिम सोझै विकी हुन नसकेमा मुल्याङ्कन समिति वाट पुन मुल्याङ्कन गराई कायम भएको मुल्यमा नियमावलीको नियम १०८ को उपनियम ८ बमोजिम वार्ता द्धारा सोझै विकी गर्न सक्नेछ भन्ने प्रावधान समेत लाई मध्येनजर गरी आर्थिक कार्यविधि तथा वितिय उत्तरदायीत्व नियमावली २०७७ को नियम १०७ को उपनियम १ (ख) मा भएको व्यवस्था तथा उपनियम २,३, ४ समेत अनुसार गर्नेगंरी प्रमुख प्रशासकिय अधिकृत को संयोजकत्वमा , प्रमुख जिल्ला अधिकारी ले तोकेको अधिकृत स्तरको प्राविधिक कर्मचारी, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि , म्याग्दे गा.पा. का शहरी तथा पुर्वाधार विकाश शाखा प्रमुख, जिन्सी शाखा प्रमुख, राजश्व उपशाखा प्रमुख, वातावरणशाखा प्रमुख नगर प्रहरी प्रमुख, सम्बन्धीत वडा प्राविधिक, र अमिन सहित को मुल्याङ्कन समिति मिति २०८२।०१।२५ को कार्यपालिका निर्णय न. ११ अनुसार गठन भए सगै मिति २०८२।०२।०५ मा गरीएको स्थलगत अनुगमन, वडा कार्यालय ३ को मिति २०८२।०२।०७ च.न. १००४ को सिफारिस पत्र र मुचुल्का / वडा न. ५, को मिति २०८२।०२।०७ को च.न. ८९५ को पत्र र मुचुल्का / थर्पु प्रहरी चौकी, को मिति २०८२।०२।११ च.न. १९० को पत्र मुचुल्का / प्राविधिक ले पेश गरेको प्राविधिक प्रतिवेदन र मिति २०८२।०२।११ को मुल्याङ्कन समितिले मुल्यकायम गरी गरेको निर्णय तथा सिफारिस सहित सोही मितिको राजश्व परामर्श समिति र वन वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिस समेतको आधारमा नियमावलीको नियम १०८ को उपनियम ८ बमोजिम कायम भएको तपशिल बमोजिमको मुल्यमा वार्ता द्धारा तपशिल वमोजिमका थुप्राहरु सोझै लिलाम विकी गर्नेगरी पुन सूचना प्रकाशन गर्दा पनी ठेक्का नलागेको हुदा उक्त विषयमा संघियमामिला तथा सामान्य प्रशासन मन्त्रालय सग राय माग गर्ने लगाएत वाकी कार्यनीतिको विषयमा आवश्यक निर्णयको लागी मिति २०८२।०३।१० को गाउँसभामा पठाउने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | सामाग्रिहरुको विवरण | पुन मुल्याङ्कन अनुसार हालको परिमाण घन फिट |
|---|---|---|
| 1 | धुप्रो नं .1 -म्याग्दे-5 घडेरी, नक्सा नं - छा७7 /ड, कित्ता नं - 53, 54र 55 को जग्गाहरु, जि .पि .एस . विन्दु27°58 '18" उत्तरी अंक्षाश 84°07'35" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा | 901408 |
| २ | धुप्रो नं .4 -म्याग्दे-5 घडेरी, नक्सा नं - छा७7 /ड, कित्ता नं - 27 र 28को जग्गाहरु, जि .पि .एस . विन्दु27°58 '10" उत्तरी अंक्षाश 84°07'31" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | 276896 |
| ३ | धुप्रो नं .6 -म्याग्दे-3 झिरलौदी, मा जि .पि .एस .विन्दु27°57 '51" उत्तरी अंक्षाश 84°09'54" पूर्वी देशान्तर, सेती नदीबाट करिब 40मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | 206937.50 |

**निर्णय न. १७५/२०८१।०८२– ०८,**

आगामी १८ औ गाउँसभाको अधिवेशनमा पेशगर्ने गरी तयार भएका तपशिल बमोजिमका नीतिगत निर्णयका एजेण्डा तथा प्रस्तावका मस्यौदाहरु स्वीकृतको लागी गाउँसभामा पेशगर्ने निर्णय गरीयो ।

**गाउँसभाको १८ औ बैठकमा पेशहुने ७२ वाट एजेण्डाहरु यस प्रकार छन् ।**

१,अध्यक्ष ज्यु द्वारा प्रस्तुत आ.व. ०८२।०८३ को नीति तथा कार्यकम छलफल सहित स्वीकृत सम्वन्धमा

२, संकल्प प्रस्ताव स्वीकृत तथा कार्यान्वयन सम्वन्धमा ।

३,आ.व.०८२।०८३ को आय, व्यय अनुमान तथा लैङ्गिक उत्तरदायी वजेट स्वीकृत सम्वन्धमा

४, गाउँसभामा पेश भएका देहाएका विद्येयक स्वीकृत सम्वन्धमा ।

आर्थिक ऐन २०८२ / विनियोजन ऐन २०८२

५,उपाध्यक्ष द्वारा आ.व.०८२।०८३ को लागी प्रस्तुत बजेट छलफल तथा शंशोधन सहित स्वीकृत सम्वन्धमा ।

६, चालु वर्षका योजनाहरु आगामी वर्षको लागी दायीत्व सार्ने सम्वन्धमा ।

Scanned with CamScanner